**प्रेस विज्ञप्ति**

आज मिति २०७३/११/२ गते संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आयोजनामा मन्त्रालयका विकास साझेदारहरुसँग चालु आ.व.मा मन्त्रालय तथा अन्तर्गत सञ्चालित विभिन्न कार्यक्रम तथा आयोजनाहरुको मुख्य मुख्य उपलब्धिका साथै मन्त्रालयले पहल गरेका कार्यहरुको जानकारी दिनुका साथै सहभागीहरुबाट पृष्ठपोषण समेत लिने उद्देश्यले स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुरमा एक छलफल तथा अन्तरकृया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा मन्त्रालयका योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखाका प्रमुख श्री केदारनाथ शर्माले स्वागत मन्तव्य तथा आगामी आर्थिक वर्षको बजेट सिलिङ, सरकारका प्राथमिकताहरु एवं मन्त्रालयले अँगालेका नयाँ नीतिगत विषयहरुबारे प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा स्थानीय तह पुनर्संरचना सम्बन्धमा हालसम्म भएका मुख्य मुख्य कार्यहरु, स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट भएका अध्ययन एवम् उच्चस्तरीय भ्रमण दलले नर्वे, इथियोपिया, तान्जानिया, लगायतका देशको विकेन्द्रीकरण सम्बन्धी अभ्यासको अध्ययनबाट प्राप्त अनुभव लगायतका महत्वपूर्ण कार्यहरुको बारेमा सह-सचिव पुरुषोत्तम नेपालले प्रस्तुत गर्नुभएको थियो । यसै गरी स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका महानिर्देशकले विभाग लगायत स्थानीय निकायबाट सम्पादन भएका स्थानीय पूर्वाधार विकाससँग सम्बन्धित महत्वपूर्ण उपलब्धिहरुबारे जानकारी गराउनु भएको थियो । केन्द्रीय पञ्जिकरण विभागका महानिर्देशकले सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता तथा विश्व बैंकसँग हालै गरिएको संझौताको सम्बन्धमा प्रस्तुत गर्नुभएको थियो । यसै गरी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सङ्क्रमणकालिन व्यवस्थापन तथा अर्को चरणको कार्यक्रम तर्जुमा सम्बन्धमा हालसम्मको उपलब्धि प्रस्तुत गरिएको थियो । मन्त्रालयबाट भएको प्रस्तुतिको क्रममा स्थानीय विकासको आकांक्षा पूरा गर्न र संघीय शासन व्यवस्थाको संस्थागत बन्दोबस्त गर्नको लागि ठूलो श्रोतको आवस्यकता औंल्याइएको थियो । कार्यक्रममा अर्थ मन्त्रालय, विश्व बैंक, एसियाली विकास बैंक, युरोपेली युनियन, नर्वे, स्वीटजरल्याण्ड, फिनल्याण्ड, बेलायत सरकारको अन्तर्राष्ट्रिय सहयोग विभाग, भारत, जाइका, जर्मन सहयोग संस्था लगायत युएन एजेन्सीहरुको सहभागिता रहेको थियो ।

विकास साझेदारहरुद्वारा स्थानीय तहको पुनर्संरचनामा भइरहेका काम कारबाहीका सम्बन्धमा जिज्ञासा व्यक्त भएको थियो । कार्यक्रमको अन्तमा मन्त्रालयका सचिव केदार बहादुर अधिकारीज्यूले स्थानीय तहको सम्बन्धमा भइरहेका काम कारवाही र त्यसको तयारी तथा स्थानीय स्तरका सडक-पुल लगायतका पूर्वाधारहरुमा लगानी बढाउनुपर्ने आवश्यकता रहेको विषयमा प्रकाश पार्नु भएको थियो | साथै विकास साझेदार तथा सहभागीहरुबाट उठेका जिज्ञासाहरुको सम्बोधन गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

केदारनाथ शर्मा

प्रवक्ता एवं सहसचिव